प्राचीन नेपाल

पुरातत्व विभागको द्वैमासिक मुखपत्र

ANCIENT NEPAL

Journal of the Department of Archaeology

संख्या ४६-४८ Number-46-48

असार–मंसीर २०३५ June-November 1978

सम्पादक
रमेशजङ्ग थापा

Edited by
Ramesh Jung Thapa

प्रकाशक
श्री ५ को सरकार
शिक्षा मन्त्रालय, पुरातत्व विभाग
काठमाडौं, नेपाल

Published by
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

प्राप्ति स्थान:–
साझा प्रकाशन
पुलचोक, ललितपुर

To be had of:-
Sajha Prakashan
Pulchok, Lalitpur

मूल्य रू. ५।–

Price Rs. 5/–

Printed at Matribhoomi Press, Ghantaghar

प्राचीन नेपाल

संख्या ४६–४८

असार-मंसीर २०३५

Ancient Nepal

Number 46-48

June – November 1978

सम्पादक

रमेशजङ्ग थापा

Editor

Ramesh Jung Thapa

Prachin Nepal
Downloaded by - Ravi Shakya
No. 46 - 48, June - Nov. 1978, Asar - Mansir 2035

विषय-सूची
Contents

नरेन्द्र देवको क्रान्ति र लिच्छविको पुनरूत्थान — पृष्ठ
शंकरमान राजवंशी — १

ऐतिहासिक पत्र स्तम्भ — ५

आगमानुसन्धानको सन्दर्भमा—प्रेमनिधि पन्त
विश्वनाथ भट्टराई — ११

English Section

Page

Survival of Wooden Art in Nepal: An Overview
–Ronald M. Bernier — 1

The Failure of Captain Knox's Mission In Nepal
(1801 A.D. – 1804 A. D.)
–Shaphalya Amatya — 9

Sakya Token from Tilaurakot
–Babu Krishna Rijal — 18

नरेन्द्रदेवको क्रान्ति र लिच्छविको पुनरुत्थान

शङ्करमान राजवंशी

गुप्तको प्रवेश र लिच्छविको पतन–

भारतमा स्कन्दगुप्तको पालामा हूणको आक्रमण हुँदा गुप्तसाम्राज्य खलबलिएको थियो। तिनै गुप्तको एक शाखा नेपालमा पसेर वलम्बु थानकोट भेगतिर वसोवास गरेका थिए। लिच्छवि दरबारमा विस्तारै गुप्तले पनि प्रवेश पाए। गुप्तले आफ्नो चातुर्यद्वारा लिच्छवि राजालाई प्रभाव पार्दा वसन्तदेवको पालादेखि याज्ञिक विरोचन गुप्त राजाको दूतक वन्न पुगेका थिए। गणदेवका पालामा भौमगुप्तले शासनको सारा अधिकार आफ्नो हातमा लिई लिच्छविको प्रभुत्वमा अधिकार जमाउँदै लगेका थिए। शिवदेवको पालामा भौमगुप्तको प्रभुत्व जमिसकेको हुनाले लिच्छवि राजा त केवल नाममात्रका राजा भइसकेका थिए। यसरी लिच्छविको प्रभुत्वहीन भएको देखेर शिवदेवको मन खड्कन थाल्यो र शिवदेवले अंशुवर्माको सहायता लिई भौमगुप्तबाट शासन अधिकार खोसेर शिव देवले अंशुवर्मालाई साथ लिई केहीकाल शासन गरे। पछि आफ्नो छोरा उदयदेवलाई उत्तराधिकारी युवराज बनाई शासनको वागडोर अंशुवर्मालाई जिम्मा दिई आफूले सन्यासग्रहण गरे। अंशुवर्माको अवसान पछि उदयदेवले महाराजाधिराज भएर शासन चलाए। यो कुरो चितलाङको उनको अभिलेखबाट ज्ञात हुन्छ। उदयदेवलाई कमजोर देखेर गुप्तहरूले पुनः टाउको उठाउने मौका पाए। जिष्णुगुप्तले आफ्ना पक्षका मानिसहरूको संगठन गरी उदयदेवलाई खतम गर्ने षड्यन्त्र गरे। जिष्णुगुप्तको षड्यन्त्रमा उदयदेवलाई टिक्न मुस्कील पऱ्यो र आत्मरक्षाकोलागि यहाँबाट भागेर सपरिवार उदयदेव भोटमा सङचङगम्पोसंग शरण लिन गए। यो कुरा चीनको ताङवृत्तान्तबाट थाहा हुन्छ। मानदेवका पालामा व्यापारी संघका प्रमुख रत्नसंघ प्रभुसंघ गुहमित्रहरू थिए। त्यसैले यिनीहरू सार्थवाहु कहलिएका थिए। यिनीहरू नेपालबाट भारत गई व्यापार गर्थे। भारत जाने बाटो तिस्टुङ पनि थियो भन्ने कुरा अंशुवर्माको तिस्टुङको अभिलेखबाट थाहा हुन्छ। जस्तै–

> "यथास्माभिरेषां तेस्तुङ्ग्रामीणामलोहचामरमृगरोमकस्तूरिकाकृतताम्र भाण्डान्यनिर्हार्य्याण्यवास्य तदन्य द्रव्याण्यादायोपक्रयार्थमितोनिर्ग्गच्छताम्प्रसाद्धयोपक्र (य) श्चान्तः प्रतिशतां शुल्कतापनादि यथा देयम्प्रतिमुक्त"

[अनिर्हार्य (सरकारी स्वीकृतिबिना निकासी गर्न नपाइने) फलाम चमर ऊन कस्तूरी तामाका भाँडाकुडाहरूलाई छोडेर अरू वस्तुहरू लिई विक्रीको लागि यताबाट गएका र विक्री गरिसिद्धयाई फर्केका तेस्तुङ्ग (तिस्टुङ्ग) ग्रामका वासिन्दाहरूलाई साविक वमोजिम बुझाउनु पर्ने शुल्क तापन आदि दस्तूर हामीबाट माफी गरिदिइएको छ।]

(धनवज्रको लिच्छवि कालका अभिलेख ३११–१२ पृष्ट)

यसरी नेपालबाट भारत जाने बाटो मानदेवका पालादेखि खुला थियो भन्ने स्पष्ट छँदाछँदै उदयदेव भारतमा शरण लिन नगई भोटमा शरण लिन किन गए भन्ने कुरा विचार गरेमा त्यसको कारण बुझ्न सजिलै छ। जिष्णुगुप्तहरू भारतीय पक्षपाती हुनाले भारतमा यिनीहरूको संबन्ध छ भन्ने कुरा स्पष्ट छ। उदयदेव भागेर भारत गएको भए हर्षसिंहदेव गयासुद्दीन तुललकको आक्रमणले भागेर नेपाल दोलखामा आउँदा दोलखा राजग्रामका भारदारले हर्षसिंहदेवलाई आक्रमण गरी पाकपुक पारेजस्तै पाकपुक पारिन्थे। यो कुरा उदयदेवले बुझेका थिए। भोटमा त त्यसबखत स्रङ्चङ्गम्पोकी रानी भृकुटी (अंशुवर्माकी छोरी) विद्यमान थिइन्। आफ्ना बाबु अंशुवर्माले नेपाल दरबारको उत्तराधिकारी बनाइदिएको राजा उदयदेवलाई भृकुटीले सन्मानसाथ आफ्नो दरबारमा नराख्ने कुरै छैन।

गुप्तको रजाइँ–

उदयदेव भोटमा भागेर गएपछि विष्णुगुप्तले उदयदेवको ठाउँमा लिच्छवि ध्रुवदेवलाई राखी नेपालको शासन गरे। जिष्णुगुप्तले स्थापना गरेको हुनाले ध्रुवदेव भट्टारक महाराज मात्र बनाइए, महाराजाधिराज बनाइएन। आफ्ना बाबु भौमगुप्तले अंशुवर्मा भन्दा अघिदेखि लिइएको शासन अधिकारमा जिष्णुगुप्तले 'पुण्यान्वयादागत राज्यसम्पत्' शुद्ध कुलक्रमले राज्य गर्ने अधिकार पाएका भनी आफ्नो हक दावी गरेको कुरा अंशुवर्मसंवत् ४८ (शक ५२२ वि. सं. ६५७) को ललितपुर छिन्नमस्ताको अभिलेखमा व्यक्त गरेका छन्। सोही अभिलेखमा 'समस्त पौराचित शासनो' सारा शहरियाहरूले हुकूम तामेल गरिएका भनी उल्लेख भएबाट जिष्णुगुप्तले शहरियाहरूलाई हात लिएका थिए भन्ने स्पष्ट छ। ध्रुवदेव त केवल देखौवा राजा मात्र थिए, सर्वेसर्वा राजा जिष्णुगुप्त नै थिए भन्ने कुरा आदेश्वरको उनको अभिलेखबाट ज्ञात हुन्छ। जस्तै–

"लिच्छविकुलालङ्कारभूतो भट्टारक महाराज श्री ध्रुवदेवस्तत्पुरःसरः कैलासकूटभवनादसुलभनृपति गुणावभासितसकलमहीमण्डलो भगवत्यशुपतिभट्टारक पादानुगृहीतो बप्पपानुध्यातः श्रीजिष्णुगुप्तःकुशली"

(लिच्छवि कुलका गहना भएका भट्टारक (गद्दीनशीन) महाराज श्री ध्रुवदेव र उहाँका अघिसरा भई काम गर्ने राजामा हुनुपर्ने दुर्लभ गुणहरूले पृथ्वीलाई सिंगारेका भगवान् पशुपतिनाथका पाउको अनुग्रह पाएका बप्प (बुवा)को पाउको अनुग्रह पाएका गाथमा रहेका आराम श्रीजिष्णु गुप्तले कैलासकूट भवनबाट]

(लिच्छविकालका अभिलेख ४११-१२ पृष्ठ)

यी जिष्णुगुप्तले आफूपछिको उत्तराधिकारी आफ्ना छोरा विष्णुगुप्तलाई युवराज घोषणा गरी दूतक बनाएका थिए। यी जिष्णुगुप्तको नीतिमा केवलपुरवासी केही जनताहरूले विरोध गरेका थिए। तर तीं विरोधीहरूलाई जिष्णुगुप्तले दमन गरी आफ्ना पक्षमा आउने जनतालाई सन्तुष्ट पार्न विष्टी माफ गरी लिग्वल शोल्ल अधिकरण पस्न नपाउने व्यवस्था गरिदिए। सो कुरा केवलपुरको अभिलेखबाट ज्ञात हुन्छ। जस्तै–

"प्रभाव (शौर्य) प्रणतारिमण्डलः गुणैरुपेतोनुपमैरिहात्मवान् ··· ——·····सोयमित्थंभूतः कैलासकूटभवनाद् भगवत्यशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातःश्रीजिष्णुगुप्तः कुशली नुपुन्नद्रङ्ग निवासिनःप्रधानपुरस्सरान्कुटुम्बिनः कुशलाग्रेसरं समाज्ञापयति ··· — ··· ··· ··· भवत्साहाय्यादिकर्मपरितुष्टै · ··· ··· पूर्वराजशासनेषु ये प्रसादास्तेषां सर्वेषामेव (युष्म) दति— सृष्टानामनुमतिशासनमिदमस्माभिरपि प्रसादी (कृतं)"

[प्रभाव (कोश र दण्डद्वारा भएको शक्ति) र शुन्याईले शत्रुहरूलाई नुहाएका वेजोड गुणहरू भएका आत्मवत्ता (आफ्नो हित चिन्ने हुनु) भएका ··· ··· ··· यस किसिमका भगवान् पशुपतिनाथको पाउको अनुग्रह पाएका बप्प[बुवा]को पाउको अनुग्रह पाएका गाथमा आराम रहेका श्री जिष्णुगुप्तले कैलासकूटभवन (दरबार) बाट नुपुन्नद्रङ्गमा बस्ने मुखिया लगायत गृहस्थीहरूलाई कुशल मङ्गल सोधेर आज्ञा गर्नु भएको छ। — — ····· तिमीहरूको सहायता आदि कामले खुशी भएर ·· — ·····— अधिका राजाले गरिदिएका सनदहरूमा जुन जुन निगाह तिमीहरूलाई गरिदिएका थिए। ती सबै थामी यो सनद–

पत्र हामीबाट पनि निगाह गरी दिएको छ ।]

(लिच्छविकालका अभिलेख ४१४-१५ पृष्ट)

पाटन भेगका जनताले पनि जिष्णुगुप्तको नीतिमा असन्तुष्ट प्रकट गर्दा चन्द्रवर्मालाई अंशुवर्माको पक्षपाती बनाई थम्बु (थैंव) को कुलो बनाउन नियुक्त गरी जिष्णु-गुप्तले त्यहाँका जनतालाई पनि थामपुर पारेका थिए। यो कुरा पाटन छिन्न मस्ताको उनको अभिलेखबाट ज्ञात हुन्छ । भक्तपुर भेगका याप्रिङ गाउँका जनताले जिष्णुगुप्त को कडा विरोध गर्दा जिष्णुगुप्तले विरोधीहरूलाई सखाप पारे । त्यो कुरा अंशुवर्माकी भाइबुहारीले राखेको भ. पु.इ. नीलवाराहीको अभिलेखबाट ज्ञात हुन्छ । त्यसकारण यी गुप्तले भक्तपुर भेगका जनतालाई कुनै व्यवस्था गरि-दिएनन् । जिष्णुगुप्तले जे जति विशेष व्यवस्था गरे आफ्ना पक्षका बलम्बु भेगकै जनतालाई गरिदिए । यसरी पुरापूर शक्तिशाली भएर जिष्णुगुप्तले आफ्नो नाउँमा टक समेत चलाए। ध्रुवदेवको मृत्युपछि जिष्णु-गुप्तले भीमार्जुनदेवलाई गद्दीमा राखे। जीष्णुगुप्तको मृत्युपछि उनका छोरा विष्णुगुप्त राज्यको सर्वेसर्वा भए। यी विष्णुगुप्तले राजाको उत्तराधिकारी आफ्ना छोरा श्रीधरगुप्तलाई युवराज घोषणा गरी दूतक बनाए । यी गुप्तले दयदेवलाई धपाई करीब १९ वर्ष जति राज्य गरे ।

नरेन्द्रदेवको क्रान्ति-

लिच्छवि राजा उदयदेवले नेपालबाट भागेर भोट मै जीवन व्यतीत गरे। उनका छोरा नरेन्द्रदेव समर्थवान् भए पछि भोटका राजा स्राङचङगम्पोसंग सैनिक सहायता लिएर नरेन्द्रदेवले नेपालमा गुप्तको विरुद्ध सजधजसंग क्रान्ति छेडे । त्यस क्रान्तिमा पाटनभेगका जनताले नरेन्द्र-देवको साथ दिएका थिए । त्यस बखत लिच्छवि र गुप्तको घोरघमासान परेको थियो भन्ने कुरा ललितपुर भन्सार चोकमा रहेको अंशुवर्मसंवत् ६७ (शक ५४१ वि. सं. ६७६) को नरेन्द्रदेवको अभिलेखमा नरेन्द्रदेवलाई लगाइ-एको विशेषणबाट ज्ञात हुन्छ । जस्तै-

"कैलासकूटभवनाद्भुवनप्रकाशाज्ज्योत्स्नावमृष्ट
हिमवच्छि (खराग्र) दीप्तेः।
आसागरप्रसृतशुभ्रयशोध्वजानां राज्ञजाङ कुलाम्बर शशीभु (विलि) च्छवीनाम् ।।
वलगद्वीरपदातिकुन्तविशिख प्रोताश्वनागाकुले
शक्त्या (न्यस्पृहणी)यया रणमुखे संज्ञावशेषान् द्विषः
कृत्वा लोकहितोद्यमप्रभ (वया) कीर्त्या दिशो भाषयन्
नन्योन्याविहतान् प्रजासु विदधद्धर्मार्थकामान्मुदा
भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातो भट्टारक महाराजाधिराज श्री नरेन्द्रदेवः कुशली"

[जूनले टल्केको हिमालयको टाकुरो झैं झलझल गर्ने संसारमा प्रसिद्ध कैलासकूट भवनबाट समुद्रसम्म सफा कीर्तिरूपी ध्वजा (झण्डा) फर्फराएका लिच्छवि राजा-हरूको कुलमा जन्मेका जोशिएर अघि बढेका वीर पैदल सिपाहीहरूका भाला र बाणहरूले घाइते भएका हुँदा हात्ती घोडाहरू तर्सिएर छयाछ्याव्यान्न भएको लडाइँको अरूको लागि लोभ लाग्दो पराक्रमद्वारा शत्रुहरूलाई सखाप पारीकन दुनियाँको भलो गर्नुतिर लागेका त्यताबाट भएको कीर्तिदिशाको छेउछेउसम्म फैलिएका दुनियाँमा धर्म अर्थ काम सम्बन्धी कुरालाई परस्परमा बाधा नपुऱ्याउने पारी-कन आनन्दसंग चलाउने भएका भगवान् पशुपतिनाथको पाउको अनुग्रह पाएका, बप्प (बुवा) बाट अनुग्रह पाएका गाथमा आराम रहेका भट्टारक(गद्दीनशीन)महाराजाधिराज श्री नरेन्द्रदेव बाट]

(लिच्छविकालका अभिलेख ४५८-५९ पृष्ठ)

पाटन भेगका जनताले जिष्णुगुप्तको नीतिमा अस-न्तुष्ट हुनाले नै नरेन्द्रदेवको क्रान्तिमा भाग लिएथे । यसरी नरेन्द्रदेवलाई साथ दिएवापत खुशीभएर नरेन्द्रदेवले त्यहाँ-का जनतालाई भट्ट र माप्चोक अधिकरण लागू भइरहेको मर्का छिकी निगाह गरिदिए । त्यो कुरा सोही ललितपुर भन्सारचोकमा रहेको नरेन्द्रदेवको अभिलेखमा उल्लेख गरिएको छ । जस्तै-

"कस्मिंश्चिद्वस्तुन्युपकृतमवेत्य तत्प्रत्युपकारोत्कण्ठित-

मतिभिरस्माभिर्यूपग्रामद्रङ्गस्य सर्वतलसहितस्य भट्टमा-
पूचोकाधिकारयोः प्रा (व) त्यादवश्यं जनस्य महती
पीडेत्यनयोरेवाधिकारयोरप्रवेशेन प्रसादः कृतः"

[कुनै कुरामा उपकार गरेको थाहापाई त्यसको बदलामा उपकार गर्न चाहेर हामीबाट सबै तल सहितको यूपग्राम द्रङ्गमा भट्ट र माप्चोकको अधिकार लागू गरी राख्दा जनतालाई अवश्य पनि ठूलो मर्का पर्रिरहेको छ भनीकन यी दुइ अधिकार फिकिदिएर निगाह गरिएको छ।]

[लिच्छविकालका अभिलेख ४५८-५९ पृष्ट]

यसबाट जिष्णुगुप्तको नीति जनतालाई मन परेको थिएन भन्ने स्पष्ट छ। गुप्तको नीतिमा जनता असन्तुष्ट हुनाले नै नरेन्द्रदेवको क्रान्ति सफल हुन सजिलो भयो। यसरी नरेन्द्रदेवले गुप्तसंग क्रान्ति गरी आफ्नो पैतृक शासन खोसेर पूर्ववत् महाराजाधिराज बनी लिच्छविको पुनः उत्थान गरे।

नरेन्द्रदेवको क्रान्तिको पूर्ववातावरण--

अंशुवर्मसंवत् ६५ तिरको विष्णुगुप्तको चाँगुनारायण मन्दिरमा रहेको अभिलेखमा विष्णुगुप्तले चाँगुमा रहेको पहिले भोगवर्माले बनाइदिएको धाराको जीर्णोद्धार गरिदिएको कुरा छ। त्यस अभिलेखमा विष्णुको स्तुति गरिएको छ। जुन स्तुतिमा विष्णुगुप्तको मनोभाव व्यक्त हुन्छ। सो स्तुति निम्न प्रकारको छ। जस्तै–

निर्भेदं यद्विकारैःसमनुगतमिवोपाधिभेदोपचारा
दज्ञान भ्रान्तिभाजा मविषयमवहिःसाधनाधीनतृप्ति।
भक्तिश्रद्धाप्रसादस्थिरकरणमनोभावनाभ्यासगम्य-
म्पायात्तद्भूतभर्तुः सकलगुणगणातीततत्त्वम्पदं वः।।

[उपाधिभेदले गर्दा विकार लिएको जस्तो छ तापनि जो निर्विकार छ अज्ञान भ्रान्ति भएकाहरूको लागि जो विषयनै छैन, जसलाई वाहिरी साधनाले तृप्त पार्न सकिदैन सारा गुण भन्दा बाहिरको तत्त्वरूपको जो छ भक्ति श्रद्धा र सफापनले स्थिर भएको इन्द्रिय र मनोभावनाको अभ्यासले मात्र जान्न सकिने जो छ त्यस्तो विष्णुपदले तिमीहरूको रक्षा गरोस्।

यस विष्णुको स्तुतिले नरेन्द्रदेवको क्रान्तिको वातावरणलाई इङ्गित गर्दछ। त्यस वखत नरेन्द्रदेवको क्रान्तिको वातावरण सिर्जना भइसकेको थियो। त्यसैले उपाधिभेदले गर्दा विकार लिएको जस्तो छ तापनि जो निर्विकार छ भनेर भाव व्यक्त गरिएको छ। कतिपय मानिस अज्ञान र भ्रान्ति वश लहैलहैमा लागे तिनीहरूलाई वाहिरी साधनाले तृप्त पार्न सक्दैन भनी तिनीहरूलाई आफ्नो पक्षपाती बनाउने भाव व्यक्त गरेको छ। नरेन्द्रदेवको क्रान्तिको जुन वातावरण हो त्यो बाहिरी तत्त्व भनेर भाव व्यक्त गरेको छ। जनता आफ्नो पक्षपाती बनोस् भन्ने भावनाले तिनीहरूलाई विष्णुले रक्षा गरून् भनी स्तुति गरेको छ। अंशुवर्मसंवत् ६५ (वि. सं. ६७४) पछि त नरेन्द्रदेवले क्रान्ति पनि छेडिहाले।

नरेन्द्रदेवको समयमा अन्तर्राष्ट्रिय सम्बन्ध–

यी नरेन्द्रदेवको शासनकालको अभिलेख अंशुवर्म संवत् १०३ (शक ५७८ वि. सं. ७१३) सम्मको पाइएको छ। यी नरेन्द्रदेवको शासनकालमा इ. सं. ६४३ (वि. सं. ७००) मा चीनिया राजदूत ली–यू–पाउ र चीनिया यात्री भिक्षु वाङयुन्चे नेपालको बाटो भई भारत गएका थिए। केही वर्षपछि चीनिया राजदूत यु–आन–चे इ. सं ६४८ (वि. स. ७०५) मा नेपालको बाटो भई भारतका राजा हर्षवर्धनको दरवारमा गएका थिए। तर यसको अघिल्लो साल मै हर्षवर्धनको मृत्यु भइसकेको हुनाले त्यहाँका प्रान्तपालहरू स्वतन्त्र भइरहेका थिए। यु-आन चे तिरहुत पुग्दा त्यहाँका प्रान्तपाल अर्जुन (अरूणाश्व) ले चीनिया दूत उपर हमला गरे। यु-आन-चे त्यहाँ बाट भागेर नेपाल आए। अनि चीनको अनुरोधबाट तिब्बती फौजको साथमा नरेन्द्रदेवले ७०० घोडचढी फौज पठाई अरुणाश्वलाई हराई पक्रेर चीन पठाए। त्यस बेला नेपालको दूतमण्डल पनि साथै गए। यसरी नरेन्द्रदेवले चीनलाई सहायता गरी चीनसंग नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरे। यसरी नरेन्द्रदेवले लिच्छविको प्रभुत्व अन्तर्राष्ट्रमा समेत प्रख्यात गरिदिए। अनि लिच्छविको पुनः अभ्युदय हुँदै गयो र नेपाल तिब्बत व्यापार सम्बन्ध पनि गाँसियो। त्यसैले नरेन्द्रदेवका छोरा द्वितीय शिवदेवको पालादेखि भोट्टविष्टिको प्रचलन भयो। यो कुरा काठमाडौं लगनको द्वितीय शिवदेवको अभिलेखबाट ज्ञात हुन्छ।

ऐतिहासिक पत्रस्तम्भ

स्वस्ति श्री मन्महाराजाधिराजकस्य रुक्का——— आगे षरा राइ गुनरामराइके तेरा वावु वराज्यू देषि आजसम्म षाइ विहोरी आयाको ताक तिवो घडेरी तस्को सावा समभूलेक डाडादेषि पुर्व मिल्कुडाडादेषि पश्चिम वाषावासै उत्तर मसुलेक देखि दछिन एति चारकिल्ला भित्र आपना भाइ पगरी वसाइ साउन्या फागु पंच षत चैन पुर दाषिल गरि पाचषपनका सरह पगरि तिथि वाधि ववस्यौ आपना षातिज्जा सग वःस्ति वसाइ रस्ति चलाइ भोग्य गर इति सम्वत् १८६२ साल मिति मार्गवदि १२ रोज २ शुभम् — — — — —

मार्फत हेमकर्न थापा

श्री दुर्गाज्यू

स्वस्ति श्री मन्महाराजधिराजकस्पे रुक्का

आगे रन्दल् देसमुष्या जगविर, राइके जिल्लै चैनपुरका अम्वल पाचषपन् मध्ये मजाँ चितलां गाउ तिमिहरुका पिता पुर्षदेषि आजसम्म षाइ चर्चि आयाको घर घडधारि वारि सुवारो षरक लगापात स्मेतको इस्तक सम्वत् १८८५ साल वैसाषवदि १ अपुतालि चाक चकुइ छिपोछापो, पौनिकोताल पलेटि सुज्यारो वाजि आस्मानि वाहेक राषि अभिलान् अरू रकम कलम् मारिमेटि साल १ को वमोजिम मोहोर रूपैयाँ साढे उनसय ९९।। सालवसालि श्री जं. उ. पल्टनमा दाषिल गर्नु, गरि ठेकको वन्देज वाधिवक्सेओ वित्तर्ा गुठी रैकर वाहेक आपना जमिनमा आपना निज कुटा कोदालोले विह्रायाका षेत तिथि वमोजिम् षानु असुल-आसुलका रकम् कलमसित असुल तहसिल गरि किस्ता वमोजिम्, ठेकरूपैयाँ चुकाइ आषिरिको फारषति साल वसाल लिनु वस्ति वसाइ जगा अवाद गुजार गरि आफना षातिर्ज्मासित जगा जानि भोग्ये गर — —

किस्तावन्दि तपसिल

ज्यष्टशुदि १५ रोज मुहुडारू	२०
आश्विन किस्तारू	२९।।।
पौषकिस्तारू	२९
चैत्र शुदि १५ रोज चुक्ति रू	२०।।।

इति सम्वत् १८८४ साल मिति चैत्र शुदि १५ रोज २ शुभम् — — — —

मार्फत प्रसादसिंह वस्न्यात मार्फत दलभन्जन राइ मार्फत रणद्योतसाह मार्फत रणजोर थापा मार्फत उदयगिरि मार्फत फत्यजंग साह मार्फत भिमसेन् थापा

स्वस्ति श्री काजि वहादुर भडारिकस्ये पत्रम् — —

आगे दाषिल आम्दानि ८४ सालका छाउनि जाचको थितिको मोहोर सलामि पाचषपन देस मुञ्याँ पट्टिजन ३ को हस्ते दलकर्ण मोहोर रूपैयाँ २४ चौविस आयो रसिद दिञ्यु इति सम्वत् १८८५ साल मिति श्रावण शुदि १३ रोज ७ शुभम् — — —

स्वस्ति श्री वीचारी गौरिसंषर पाध्या विचारी मकुन्दकृष्ण पाध्या कस्य पत्रम् — — —

आगे चीतलाङ गाउ वस्न्या दलकर्नराइ के जथो चित उप्रान्त तेरा चितलाङका लगाको थाम षर्के औसरालो षर्कमा नुनढाकिको पृथ जितराइले मेरो हो भनी षिचोला गर्दा तिमिदुइलाइ ल्याई पुर्षक्षे गर्दा

अधिपनी चितलाङगैबाट चर्च्याको रहेछ ७७ सालका जाचमापनी तेरै दरायाको रहेछ येस जगामा पृथजित्याले षिचोला गर्‍याको ठहर्‍यो पृथजित्यालाई डंडगरी जगा तेरो ठहराइ तलाइ जितापत्र गरी दिर्‍युं इति सम्वत् १८८७ साल मिति चैत्र वदी १३ रोज ७ शुभम्

श्री

स्वस्ति श्री पाचषपन्का तपसिल वमोजिमका राइ कर्ता वुढेउली गौकंजीज्मा सर्वजांचको निज जिम्मा — — — — — — — —

धनमलराइजिम्मा	३२ के रू	७९
धनविरराइजिम्मा	३३ के रू	५४॥ = ॥
जवरसिराइजिम्मा सुरथस्मेत	२९ के रू	६१॥॥ = ॥
जितनराइजिम्मा	१९ के रू	४१॥ =
दर्बसिजिम्मा	६२ के रू	१२१
जनक्रामराइजिम्मा	९ के रू	२०॥ =
नाभिकर्णजिस्मा	३६ के रू	७० ॥ =
वाजकर्णराइजिम्मा	५० के रू	८२ =
जसवीरराईजिम्मा	१२ के रू	२२॥॥ =
सुभजित्राइजिम्मा	१० के रू	२३॥ =
वन्दविरराईजिम्मा	१० के रू	२७॥॥
पुन्येवल्राईजिम्मा	३७ के रू	७२॥ =
पन्चजित्राइजिम्मा	२० के रू	४८॥
अतिरूयराइजिम्मा	५२ के रू	११४॥ ॥ =
जितकर्णजिम्माजसुस्मेत	३६ के रू	७४ =
तासमलराइ जिम्मा	१४ के रू	३०॥ =
संषवलराइजिम्मा	४२ के रू	८४॥ =
तेनजिनराइजिम्मा	२८ के रू	४४॥
जसरामराइजिम्मा	२७ के रू	८१॥॥
जसराजजिम्मा	३४ के रू	८१॥
दलसी मिळार	७५ के रू	१६६॥॥
जागुसिराइजिम्मा	५० के रू	८२॥ =
रनदलकम्सेसिजिम्मा	२७ के रू	४०॥ =
जमा	१५२८॥ ॥ =	

इतिसम्वत् १८९३ सालमिति चैत्रवदि २ रोज ३ शुभम

श्री दुर्गाज्यू

स्वस्ति श्री मन्महाराजधिराजकस्य रूक्का — —

आगे रनदल राइ कमसोरसिराइ जागुसिराइ रूपनसि कर्जाकमानसि कर्ता के जिल्लै चैनपुरका अम्बल पाचषपन् मध्ये मयाधिन् वाङ गाउ तिमिहरूका पिता पुर्षादेषि आजसम्म षाई चचि आयाको घर घडघारि वारि सुवारो षरक लगापात स्मेतको इस्तक सम्वत् १८९५ साल बैसाष वदि १ रोज लगायेत् ठेक भेडा भारसे-र्माई डकुराइ गन्यो अपुतालि चाकचकुइ छिपोछपो पौनिको तालप्लेटि सुज्यारो वाजि अस्मानि सिवाये राज अंगर्धु रकुल अमालिका मेजमानि वाहिकराषि अमिलन अरूरकम् कलम् मारिमेटि साल १ को वेमोजरै ज्मा मोहोर रूपैया १२३ सालवसाल पल्टनमा दाषि—लगर्नु गरि ठेकको बन्देज वाधिवक्स्यौं वितागुठि रैकर वाहेक राषि आफ्ना जमिनमा आफ्ना निज कुटा—कोदालो विह्नायाको षेत् थितिवमोजिम् षानु असुल मसुलका रकम् कलम्सित असुल तहसिल गरि किस्ता-वमोजिम् ठेक रूपैयाँ चुकाई आषिरिको फार्षति साल-वसाल लिनु वस्तिवसाइ जगा अवाद गुलजार गरि आफना षातिरज्मा सित जग्गा जानि चलन गर — —

किस्तावन्दि तपसिल

मुहुदा ज्येष्ठ किस्ता रूपैयाँ	३०
पौषकिस्ता रूपैया	३०
आश्विन किस्ता रूपैयाँ	३०
चुक्ति किस्ता रूपैयाँ	३३

इति सम्वत् १८९५ साल मिति चैत्रवदि ७ रोज १ शुभम् — — — —

स्वस्ति श्रीमन्महाराजधिराजकस्ये रूक्का — —

आगे जिल्लै चैनपुरका अम्वलमध्ये पाचषपनको धनमल पुन्यवल संषवल धनविर पनचजित अजिरूप जसराज जसराम त्रलकर्ण जसुतेन जिनदल जितदसि जितानसि नाभिकर्ण जसविर रामाजित कम्सेसि जागुसि रंदल् जनक्राम सुभाजित राइदलसि मिछारके तिमि—हरूका पिता पुर्षदेषि षाइ चचि आयाको घर घड्या-रिवारि सुवारो षरक तित्या महाभिर · लगायत् ठेक ढक्या घरको सेर्मा छिपोछापो, पौनिकोताल पलेटि सुज्यारो डंडकुण्ड मन्यो अपुतालि चाकचूकइवाजवि आसमानि सिवायेक राजअग धुर अमालिको मेजमानि वाहेक राषि अलिनन अरूरकम कलम मारिमेटि साल १ को ९३ सालका जांचमा दरियाको ठेक वमो-जिम् ज्मा मोहोर रूपैया १५२८।।।३ साल वसाल पल्टनलाई दाषिलगर्नु औरविर्ता गुठि रैकर वाहेक राषि आपना जगा जिमिन भित्र निज कुटाकोदाले विह्ना—याको षेत् थिति वमोजिम् षानु भनि तिमिहरूका अधिको थिति वमोजिम् थामि वक्स्यो अमोलममोलक रकम कलमसित असुल तहसिल गरी किस्तावन्दि वमोजिम ठेक रूपैया चुकाइ अषिरका सालवसाल फारषतिलिनु रस्ति चलाइ वस्ति वसाई जगा अवाद गुलजारगरि रितिथिति विति राइगिरि जगा जमिन जानि हाम्रानिमकको सोझो चिताई भोगे गर— —

किस्तावन्दि तपसील

ज्यष्टशुदि १५ रोज मुहुदाकिस्ता	रू ३८२
पौष तेश्रो किस्ता	रू ३८२
अश्विन दोश्रो किस्ता	रू ३८२
चैत्र शुदि १५ रोज चुक्ति किस्ता	रू ३८२।।।

इति सम्वत् १८९९ साल मिति माघ शुदि ४ रोज ६ शुभम् — — — —

स्वस्ति श्री जील्लै चैनपुरका अम्वलमध्ये पाचषपन मयाम चिलांको राइदन दलराई कम्सेरसिराइ सर्व—जिनकतोरू रूपनसिकर्ता जहसि वुढेउलि गर्जासिकारो वारि नरपति जीम्मा १९१० सालका सर्वजाँचेका वाजविपाषा ठेकको जिम्मा वारितिरीज — — —

तपसिल

जम्माघर	३३ के	६१।।।
जिमिघर	११ के	३०।।≡
सिह्राघर	७ के	१४
तिरूवाघर	४ के	१६
साउन्याफागु	के	।।≡
ऐको गाउ ज्या ढक्र्याघर	२२ के	३१
हलघर	७ के	१४
कोदलाघर	१४ के	१४
टहलुवाघर	१ के	×
साउन्याफागु	के	१।≡
वेठि	के	१।।≡

साबिकघर	३० के	५६।।≡
१९१० सालका वढघर	३ के	४।।।

इतिसम्वत् १९११ साल मिति फालगुन शुदि ९ रोज १ शुभम् — — — — —

स्वस्ति श्री जिल्लै चैनपुरका अम्वल् मध्ये पाचषपन मयाम् चितलां वाध मवदिनको राइ प्रतिमान राइ दलपनि राइ सर्वजित् राई वंधविरकर्ता जहरसि कारोवारि नरपति वुढी लिग जसि कारो वारि मनिरीजकर्ता दल मंजन जिम्म १९२५ साल महाजाँच करवाज विपाषाठेक ऊारा छल हिम्मतको जिम्मा वारि तेरिज — — — — —

तपसिल

ज्मा घर ४१ के रू ९८।।

असामि — — घर सर्मा सावुळारामे ।। वेठि ज्मा रू

नामाघर

मीलाघर ९ – १८।। -।- ९ – -।- – -।- २७।। –

ढोरुवाघर २ – ८२ – २ – -।- – -।- १०२

११ २६।।३ ११ -।- -।· ३७।।३

एको गाउल्या ढाक्रेघर

हलघर ८ — १६।। – ७ – ।४ – ।। – २४।।३

कादालाघर १८ १८।२ – ।२ – १२।।।/ १ – १।। – ३४।२

पानीघर १ – १ – / – ।।। – ।। – ८ – २। –

सुकंबासीघर २ तल्ले वस्नेत ३ – -।· – -।- – -।- – -।- – -।- -।-

३० ३५ १।।≡ २०।। १।।।= २/६१=

४१ ६१ २।२ ३१।। १।।।२ ४–९८।।।

तेरिज

असामी– घर सर्मा साउ शरा मेग वेठी ज्मारू

सावीक

जीमीघर ८ २० – ।। – ८ – -।· – -।· – २८।।

ढाक्रेघर सत्यास्मेत १९ – २६ – १४ – १२ – १३।। – १। – १२४३।।
२७ ४६ १।।४ – २१।।। १। १४ ७१।।।

२० सालको

जीमीघर १ – २ – / – १ – -।- – -।- – ३ /
ढाक्रेघर १ – १ – / – १।।ऽ – २ – ३ – २२
२ ३ २ १।।। – ४ ३ ५३

२५ साल जांचको

जीमीघर २ ४ – ४ – २ – -:- – -।- – ६२
ढाक्रेघर ८ – ८ – ।। – ६ – ।। – ।।। – १५।।।
सुकबासो २ – -।- – + – -।- – -।- – -।- – -।-
१२– १२ ।।२ ८ ।। ।।। २१।।।२

सावीक ६७।।२/२
मोहोर २२।। को रू ६३।।३।।१
१६ गन्डो रू वाके २२ गन्दो ।।।२।।१
२० सालको १० रू ४३।।।१
२५ सालजाचको १०२६ ।२।।। मध्येमा
गोचाघर ४ के मोटा मीन्हा रू ४ वा
को २६ साल देषी तीर्न्या रू २२।४,।।३
मोहरू कशान्दो रू २१।।।३।।
९४।.।।।१

इतिसम्वत १९३२ साल मीतिमार्ग वदी १४ गते रोज ७ शुभम्

स्वस्ति श्री मन्महाराजधिराज कस्यरूक्का — —

श्री जङ्ग मद्दतिप्रचण्ड भुजदण्डेत्यादि श्री श्री श्री महाराज जङ्गबहादुर राणा जिसिवि प्राइमिजिष्टर याण्ड कम्पान्दर ईनचिफ

आगेजिल्लै चैनपुरका अम्वल मध्ये पाचषपन् मयान् चितलाङ तेगुरावस्न्या राइरंदल मर्दा निजको छोरा प्रतिमान शम्सेरसि राइ सर्वजित् कर्ता जहसिकर्ता रूपसि वुढौलिगजसि कारवारि नरपतिकारवारि मनिराजहरुके हाकिमहरूका गाउघरको जिम्मावारि तेरिज भयाको छ अघिका जाचजाचबाट भयावमोजिम् दसलिम्वुका सरह हामिहरूका नाउमा लाल मोहोर गरिपाया सलामिमोहरूपैया ५२ पनि सर्कारमा चह्रायुदा हुँ थितिरीति वमोजिम दामकाम वुझाइ आफनांजगा किपटको चलन् पनि गर्दाहुँ लिम्वुवान्का थितिमा अरूपुरा निज्ञा नज्ञा सुवारूको सरह वमोजिम् लाल मोहर गरिपाया हुँदोहो भनि तिमिहरूले इजहार चह्रायाको मुद्दामा इजहार प्रमाण अडाले विचारगर्याको अैन सवालका-हरुले १ पल्टंका दफदरषानाको ४१ लम्वरका सवाल मताविक् पल्लो किरातमा सुवागिको लालमोहर हुन्या-रीत हुनाले १२ सालमा भयाका लालमोहर र निज-राइहरूका नाउमा २० साल कार्तिक सुदि ८ रोज-मा भयाका तेरीज वमोजिम जिल्लै चैनपुरका अम्वल मध्ये पाचषपन् मयान् चितलाङ तेगुरावस्न्या राई कर्ता वुढौलि कारवारिहरूको नाउमा मितिहरूको पिता पुर्षादेषि आजसम्म षाइ चर्चि वेहोरि आयाको घर-घड्यारि वारि सुवरो षरक तिमिहरूले कुताकोदालालै विह्रायाको षेत तित्या महभिर तिपगोलेस्मित दस-लिम्वुका सुवाहरूले षायावमोजिम षानु तिन्या वमोजिम तिर्नुजाचको रे वन्दिको कम्पुपल्टं कम्पनिका लालढ डामा सामिल भै तिरो भरो गर्नु भनि राईगिरी गरी वक्स्यौं आफा षातिरज्मासग रस्ति चलाई वस्ति वसाई

हाम्रा निमकको सोळो चिताई दामका गरी सुवागि जानि भोग्य गर भन्या बेहोराको लाल मोहर हुनुमुनासिब ठहराई सदरदफदरषानाबाट २५ साल पौषवदि १ रोज ७ मा साधक्कौसलमा जाहेर गराउँदा कौसल बाट पनि जाँचि बुझि अडाले ठहराया वमोजिम् मुनासिवठहराई ... ...२... ... ...र श्री मद्राजकुमार कुमारात्मज श्री कम्यादर ईनचिफ जनरल रणउद्दिपसिंह कुवर राणाका हजुरमा जाहेरगराउँश निज... ... ...२ .....र श्री मद्राज कुमार कुमारात्मज श्री कम्पांदर ईनचिफ जनरल रणउद्दिपसिंह कुंवर राणाबाट पनि हाम्राहजुरमा विति पार्दा जाहेर भयो दसलिम्बुका सरह वमोजिम् राईगिरिको लालमोहर गरि वक्स्यौ तिमिहरूका पिता पूर्षादेखि आजसम्म षाई चचि वेहोरि आयाको घर घड्यारिवारि सुवागे षरक तिमिहरूले कुटा कोदालाले विह्रायाको षेत तित्यामहभिरतिपगोला स्मेत् दसलिम्वुका सुवाहरूले षायावमोजिम् षानुतिन्यावमोजिम् तिर्नु, जाँचकारैबन्दीको कम्पुपल्टं कम्पनिका लालढडामा सामेल भै तिरोभरोगरि आफ्ना खातिरज्मा संग रस्ति चलाई वस्ति वसाई हाम्रा निमकको सोळो चिताई दाम काम गरि राईगिरि जानि भोग्येगर इति सम्वत् १९९६ साल मितिकार्तिक वदि १ रोज ५ शुभम् — — — — —

मार्फत श्री श्री श्री महाराज जंगबहादुरराणा जीसि प्राइमिनिष्टरयाण्ड कम्यादर इनचिफ

मार्फत कम्यादर इनचिफ जनरल श्री रणोपदीसिंह कुवरराणा

मार्फत गुरुपुरोहित षजान्ची वामादेव पण्डितज्यू मार्फत पश्चिमतरफका कम्यांदर जनरल जगतसम्सेर जङ्गबहादुर राणा

मार्फत पुरवतरफका कम्यादिग जनरल विर सम्सेर जङ्गराणा -१

आगमानुसन्धानको सन्दर्भमा—प्रेमनिधि पन्त

— विश्वनाथ भट्टराई

नेपाली तथा संस्कृत भाषाका प्रकाण्ड विद्वान प्रेमनिधि पन्तको जन्म कतिले भयो यसबारे आजसम्म भएका अनुसन्धानात्मक कार्यबाट थाहा हुन सकेको छैन । तर पनि यिनी राजा मलैवम्म समकालीन थिए भन्ने कुरा निर्विवाद छ । साथै यस कुराकोपुष्टि पन्तकै कतिपय कृतिहरूले पनि गरेका छन् ।

राजा मलैवम्म नेपाल भित्र पर्ने पर्वत राज्यका राजा थिए । यो राज्य चौविसी नामले प्रसिद्ध राज्य हरू मध्ये एक हो । यिनकी आमाको नाम पार्वती र १ पिताको नाम धनश्याम थियो । यिनकी पत्नी महलवसन्ता नामकी थिइन २। यिनको पुख्यौंली घर ताकुम थियो र यिनको जन्मस्थल पनि ताकु नै थियो ३। यी राजाको वंश परम्पराबारे पन्तले आफ्नो कृति 'मल्लादर्श'मा यसरी प्रकाश पारेका छन् ।

अस्त्युत्तरस्यां दिशि रूकमनामको देहास्ततः ताकम संज्ञःपर्वते
आनम्म भूपाल वपुः समाश्रितो गत्वा प्रजाः पाल-
यतिस्म कैशव ॥

महेलपदमुपात्त भाषया गेहराजे सततमिह वसन्तस्त
त्कृपातोऽथ वैषा
स्वयुत नृपतिदत्ते तत्रवाज्ञा वसन्त स्त्विति महलवसन्ता
नाम राज्ञ्या कृतार्थम् ॥

चन्द्रम्म नाम नृपतिद्विजवृन्द विद्यात् तत्तद्विनोद
विनिवेदित भूरिवित्तः
आनम्म भूपतनयः सकलाःप्रजाय स्वानन्दिताःकिल
चकार नकारमूढः ॥

चन्द्रम्म भूपादुदभूदपूर्वो राजाधिराजः किल दिम्मनामा
यस्मिन्महीं शासति नाक वान्छा दरिद्रता भूदखिलेऽपि
लोके ॥

श्री दिम्म भूपाल सुतस्त्वपूर्वो गुणैरभूद्भूपति नागमल्लः
नामः प्रजा अस्थ कदापि चक्रुः सुनीति वैत्तुस्त-
दयं तुः नागः॥

श्री नागमल्लादुपमा दरिद्रो वभूव नारायण मल्ल-भूपः
यस्मिन्क्षितौ तिष्ठति .....लक्ष्मवा विहीनो भवदाप्त
शोकः॥

वभूव नारायणमल्ल भूपतः श्रीराजमल्लः क्षिति-
पालकाग्रणीः

---

१ धनश्याम मल्लान्नृपात्पार्वतीतः कुमाराच्च माराद्वरःको-ध्यपूर्वःनृपालो मलैवम्म नामा सुजातो यतः स्वर्गदेवा-धरा भूमिदेवाः मल्लादर्श-पृष्ठ ६४

२ राज्ञी महेलवसन्त राज्ञो रूपानुसारेण-मल्लादर्श पृष्ठ ७१

३ देहास्ततः ताकमसंज्ञः पर्वते- मल्लादर्श पृष्ठ २६

प्रजा व्रजारञ्जनकर्मतोऽभूत राजेति नामार्थ [....] थमं चकार यः।।

श्रीराजमल्लतनयो विनयाम्बुराशिः सम्मानिताखिलघटा सुरकावतंसः

स्वीय प्रताप परितापित वैरिसार्थो आसीदसीम गुणकः शिवमल्लभूपः।।

नरपति शिवमल्ला दुद्भूतो नागमलः क्षितिपति कर मौलि प्रस्फुरद् रत्नभूतः

निजगुण गण वेर्यै रद्वितीयो द्वितीयः सकल रुचिर गोष्ठी स्वागतः स्वप्रसङ्गः।।

बभूव नारायण मल्ल भूपो द्वितीय उर्वीपति वन्धपादः यो नागमल्लस्य पितुर्वियोगं विस्मापयामासतरां प्रजानाम् ।।

अस्मिन्नृपाल रत्नाकरे तु वंशार्णवे तस्मात्
विद्वत्लक्ष्मी हितौ जातः श्री शाह मल्लेन्दुः।।

घनश्याममल्लो घनश्याममग्रो नृपः कोऽप्यभूत् साह-मल्ली पतीन्द्रात्

यदीय प्रजानां विषादः शिवान्नो परो नीति सङ्ग दनीतिवच नित्यम् ।।

घनश्याम मल्लक्षितीन्द्रस्य पुत्रो नृपः श्री मलैवम्मनामा सुरःद्र

हरिर्वा रविर्वा विधुर्वा स्मरो वे त्पलं सर्वधर्मःसतां संज्ञयक्ष्मा ।।

श्रीमन्मलैवम्म नृपालसूनवः सहोदरा सप्तमता श्रियायुषः

प्रियव्रतस्तेषु कुमार आदिमः कुमारमारादि विजि-

द्धुर — ... ...

... — ... — — —

... — .... — ... —

— — ... — ...

वंश तालिका

१ आनम्म-२ चन्द्रम्म – ३ दिम्म-४ नायमल्ल –५ नारायण मल्ल – ६ राजमल्ल– ७ शिवमल्ल– ८ नागमल्ल– ९ नारायण मल्ल – १० – साहमल्ल–११ घनश्याम मल्ल – १२ मलैवम्म– १३ प्रियव्रतादि

राजा मलैवम्मको राज्यकालको विषयमा ह्या-मिल्टनले आफ्नो कृतिमा यस्तो उल्लेख गरेका छन्– "गोरखालीहरूले पछिबाट विजय गरेको नेपालको यौटा राज्यका राजा मलैवम्म थिए । उनले राज गरेको राज्य वर्तमान नेपालको सप्तगण्डकी प्रवेशको चौबिसी राज्य मध्ये एउटा हो(४)" वस्तुतः राजाहरूको राज्य विषयको एक अपूर्ण पाना हो ।

यी राजा शक संवत् १६०८ वि. सं १७४३

---

4 Malaibarman was the King of a prinicipality of Nepal which was later Conquered by Gorkha. The country ruled by him was included in the Chaubisi states of the Sapta Gandaki Pradesh in the present kingdom of Nepel (Account of the kingdom of Nepal 1819 PP 269-72)

मा पर्वत प्रदेशको राजा बने ५। यस राज्यलाई यिनका पूर्खा शाही वमका छोरा घनश्यामले आफ्नो अधीनमा लिएका थिए वि. सं. १७१५ मा नै ६। राजा मलैवम्मले शक संवत् १६४८ मा काशीमा ७ देहत्याग गरेकोबाट यिनले शक सं. १६०८ देखि १६५८ शक सं. सम्म राज्य गरेको कुराको पुष्टि भिल्दछ। यस बाट स्पष्ट छ-प्रेमनिधि पन्त मल्लैवम्म समकालीन भएकोले यो समयलाई प्रेमनिधिको समय भनेर पनि लिन सकिन्छ।

राजा मलैवम्म प्रसिद्ध तांत्रिक तथा मंत्रो पासक थिए. ८। वस्तुतः यिनको कुलपरम्परा नै तंत्रमतानुयायी थियो। त्यसैले रानी महलवसन्ता र छोराहरू समेत तंत्र विद्यामा सिद्धहस्त थिए। यस कुराको वर्णन पन्तले मल्लादर्शमा निकै राम्रो गरेका छन्। यद्यपि राजा मलैवम्मको जीवन शान्ति प्रिय देखिन्छ तापनि यिनले एकपटक लडाइँमा मुस्ताङ्को राजालाई जुम्लाको राजाबाट छुटाएका थिए १०।

पं. प्रेमनिधिको जन्मस्थल दानाथियो। यस कुराको उल्लेख स्वयं पन्तले गरेका छन्। यसको साथै पन्तले आफ्नो कृतिहरूको अन्त्यमा कुर्मांचल अर्थात् कुमाऊँ नै आफ्नो जन्मस्थल भएको उल्लेख पनि गरेका छन् १०। यो प्रदेश सुगौली सन्धि हुनु भन्दा अगाडि नेपालको अधीनमा थियो पछि सुगौली सन्धि अनुसार कुमाऊँमाथि नेपालीहरूको आधिपत्य हट्यो। यहाँनिर स्मरणीय के छ भने प्रमनिधिले आफ्ना कृतिमा आफ्नो जन्मस्थल कुमाऊँको उल्लेख गरे कै आफ्ना कृति "प्रायश्चित्त प्रदीप"मा दान पदको पनि उल्लेख गरेका छन् ११। यसबाट निश्चितरूपमा के भन्न सकिन्छ भने यिनको पुख्यौंली घर दानामा नै थियो। केवल अध्ययनार्थ यिनी कुमाऊँ गएका थिए। यस प्रकार निकै वर्ष बस्नुको फलस्वरूप कुमाऊँ माथि यिनको विशेष स्नेह हुनु स्वाभाविकै थियो। जसले गर्दा यिनी आफ्नो जन्मस्थललाई विर्सेर एक्कासी आफ्नो जन्मस्थल कुमाऊँ बनाउन पुगे। अर्को कुरा के पनि भन्न सकिन्छ भने यिनले आफ्ना प्रत्येक कृतिमा कुर्मांचलको उल्लेख गर्नुबाट पनि यिनको जन्मस्थल दाना नै भएको सिद्ध हुन्छ। मेरो विचारमा यिनले धेरै ठाउँमा कुर्मांचलको उल्लेख गर्नुको अर्थ हुन्छ— कुर्मांचल यिनको जन्मस्थल होइन। एकै ठाउँमा उल्लेख गर्दा पुग्नेमा हरएक ठाउँमा उल्लेख गर्नुको मतलब के हुन्छ ? नभएकोलाई सिद्ध गर्न खोज्नु ?

वस्तुतः यिनको प्रथम विद्याध्ययन केन्द्र आफ्नै जन्मस्थल दाना र दोस्रो केन्द्र कुमाऊँ अनि तेस्रो केन्द्र बनारश थिए। कुमाऊँमा अध्ययन गर्दागर्दै यिनले केही ग्रन्थहरू पनि लेखेका थिए। पछिबाट यिनी आफ्नो जन्मस्थल दानामा फर्किए। त्यतिखेर यिनको विद्वत्ताबाट प्रभावित भएर राजा मलैवम्मले यिनलाई बोलाई आफ्नो धर्माधिकारी बनाएको हुन सक्छ।

---

५ घनश्यामका दुई रानी मध्ये जेठी लम्जुङ्गे राजा चंडा शाहीकी छोरी र कान्छी जुम्ली राजा जहाँगीर शाही की छोरीहरू थिए। जेठीतिर मलैवम्म र धर्मध्वज कान्छीतिर भर्ती, धनपारी र सकता गरी ५ छोरा र भित्रिनी हंसातिर महीधर नामक एक छोरा पनि थिए। यी राजा वि सं. १७४३ मा दिवंगत भए। पिताका शेषपछि जेठा मलैवम्म पर्वतका राजा बने— प्राचीन नेपाल, संख्या १६ पृष्ठ४८।

६ शाहीवमका छोरा घनश्यामले १७७५ मा पर्वतको राज्य भेट्टाए-प्राचीन नेपाल सख्या-१६ पृष्ठ-४८।

७ "नवमाध्याय मलेवम्मस्य काश्यां देहत्यागः शाके १६५८ सहकाल" इतिहास प्रकाश पृष्ठ ८७।

८ श्री मन्मलेवम्म नृपाल महीशो यन्त्रेऽपिजातः किल साध कात्रणीः मल्लादर्श पृष्ठ ५४।

९ मुस्ताङ्भूपतिवरं किल काकवेण्यां रूद्ध स्वदर्यवशतो जुमलीश्वरेण समोचयन् करूणया स्वचमूबलेन प्रत्यर्थी वृन्दमखिलं जयतिस्म राजा-मल्लादर्श पृष्ठ -४७।

१० नाम प्रेमनिधीति पन्थ कुलभूः कूर्माचलो जन्मभूः काम्यकर्म कमला पृ० १३७।

११ दानपदतः ख्याते तु देशे वरे प्रायश्चित्त प्रदीप पृ० ४३५।

यसको अरू राम्रो निर्णय इतिहासकारले गर्नेछन् । वास्तवमा पन्त नेपाली थिए । मातृभाषा नेपाली थियो । यसमा कुनै सन्देह छैन । यसको अरू बलियो प्रमाण पन्तले स्वयं गरेको प्रायश्चित्त प्रदीपको नेपाली अनुवाद हो । यही अनुवाद नै आजसम्मको खोज मुताबिक पुस्तकाकारमा लेखिएको सर्वप्रथम नेपाली भाषा पनि हो ।

हिन्दी विश्वकोष भोलम ५ पाँचमा पन्तलाई भारतीय तंत्रसाहित्यमा विशिष्ट आचार्यहरूको पंक्तिमा राखिएको छ । यो कसरी भयो ! आश्चर्य ? एक अनौठो आश्चर्य ? खास गरेर यिनी नेपाली तंत्रशास्त्री हुन् यसमा दुईमत हुनु संभव छैन । पन्तको चर्चा गर्दै विश्वकोषमा यस्तो उल्लेख गरिएको छ– "यिनको वासस्थान कुमाऊँ थियो । यिनी घर छोडेर काशीमा बसेका थिए । यिनी कार्तवीर्यका उपासक थिए । सानै अवस्थामा यिनकी पत्नीको देहान्त भयो । काशी आए पछि यिनले वरावर विद्याध्ययन गरे । यिनले गरेको शिवताण्डव तंत्रको टीका काशीमा नै समाप्त भयो । यस ग्रन्थबाट यिनलाई धेरै नै अर्थ प्राप्ति भएको थियो । यिनले तीन विवाह गरेका थिए । तेस्री पत्नी को नाम प्राणमञ्जरी देवी थियो । प्रसिद्ध छ कि प्राण मञ्जरीले आफ्नो पुत्र सुदर्धनको मृत्युको संस्मरणमा 'सुदर्शना' नामको तंत्रग्रन्थ लेखेकी थिइन् । यो तन्त्रराजको टीकाग्रन्थ हो र प्रेमनिधिले शिवताण्डवको टीका मल्लादर्श, पृथ्वी चन्द्रोदय र शारदा तिलकको टीका लेखेको थियो । यिनको नामबाट भक्तितरंगिणी, दीक्षा प्रकाश (सटीक) प्रभृति कतिपय ग्रन्थ प्रसिद्ध छन् । 'कार्तवीयको उपासना विषयमा यिनले दीक्षा प्रकाश लेखेको थियो । यिनको पृथ्वी चन्द्रोदयको रचनाकाल ई. १९७३ हो । कार्तवीर्य वारे "प्रयोग रत्नाकर" नामको प्रसिद्ध ग्रन्थ छ । श्री विद्यानित्य कर्म पद्धति कमला तंत्र राज ग्रन्थसंग सम्बन्धित छ । वस्तुतः यो ग्रन्थ पनि प्राणमञ्जरी रचित हो ।" १२

माथि उल्लिखित पन्तका कृतिहरूमध्ये पृथ्वीचन्द्रोदय गलत नाम हो । यसको सही नाम पृथ्वीप्रेमोदय हो । साथै श्री विद्यानित्य कर्म पद्धति कमला— यो पनि गलत नाम हो । यसका सही नाम हुन्— श्री विद्यानित्यकर्म कमला, श्री विद्याकाम्यकर्म कमला र श्री विद्यानैमित्तिक कर्म कमला । यी कृतिहरू प्राण मञ्जरी रचित नभएर पं. प्रेमनिधि रचित हुन् ।

पं. प्रेमनिधि पन्त चारछाप गोत्रिक ब्राह्मण हुन् र यिनी कार्तवीर्यका महान् उपासक र श्री विद्या परम्परा का कट्टर समर्थक पनि थिए । साथै यिनीः धर्मशास्त्र स्मृतिशालीन्, कर्मकारी, प्रसिद्ध टीकाकार, महान् दार्शनिक, नेपाली भाषा विशेषज्ञ र प्रख्यात ज्योतिषी पनि थिए । यिनका गुरुको नाम दिनकर थियो–१३। दिनकरको जन्म पनि भारद्वाज कुलमा नै भएको थियो—१४ ।

पन्तका पिताको नाम उमापति १५ र माताको उद्योतमती थियो । यिनले तीन विवाह गरेका थिए । जेठी पत्नीको नाम कमला १६ माहिलीको मति

---

१२ हिन्दी विश्वकोष भोलम पाँचबाट नेपाली अनुवाद ।

१३ नृपालेनादिष्टो दिनकरगुरुच्छिष्ठ भजनः—
—मल्लादर्श पृ० २ ।

१४ "प्रेमनिधिले आफ्ना कार्तबीर्य सपर्या नामक रचनामा उल्लेख गरे अनुसार उनका गुरु भारद्वाज छन् —" 'नेपाली' पृष्ठ सं० ५४ ।

१५ यस्योद्योतयती सती गुणवती माता पितोमापतिः
काम्यकर्म कमला पत्र १३७।

१६ याता चेत्कमला त्वगस्थिरुधिर प्रायापदं श्री हरेः
त्रिपुर सुन्दरी पद्धति पत्र १ ।

(सुमति?) १७ र कान्छीको प्राणमञ्जरी देवी थियो १८। प्राणमञ्जरीबाट सुदर्शन नामको छोरो जन्मेको थियो। पुत्र सुदर्शनको मृत्यु बाल्यावस्थामा नै भएकाले उनको संस्मरणमा प्राणमञ्जरीले 'तन्त्रराजतन्त्र' माथि सुदर्शन टीका लेखेका छन्।

पं. प्रेमनिधिका कनका र महालक्ष्मी दुई छोरीहरू पनि थिए। यस कुरालाई चित्त-हरण चक्रवर्तीज्यूले पनि स्वीकारेका छन् २०। वस्तुतः कनकाबारे संशय बाँकी नै छ। महालक्ष्मी को जन्म प्रथम पत्नी कमलादेवीबाट भएको थियो। दोस्रो पत्नी सुमतिबाट सन्तान भएको उल्लेख प्राप्त भएको छैन। तेस्री पत्नी प्राणमञ्जरीले भने आफ्नो प्रसिद्ध तान्त्रिक कृतिमा २० आफ्ना आमा, बाबु, पति र आफ्नो समेत परिचय आफैंले दिएकी छन्। यहाँनिर स्मरणीय के छ भने मेरा धेरै छोराहरू थिए, ती मध्ये सुदर्शन जेठा थिए भनी पन्तले स्वयं आफ्नो कृति "श्राद्धकर्मनिधि' मा उल्लेख गरेका छन् २१। तर अन्य छोरा थिए वा थिएनन् सोऊँ भन्न सकिन्न तापनि आजसम्मको खोज मुताबिक पन्तको यौटै छोरो भएको तथ्य प्रकाशमा आएको छ। यिनले आफ्ना कृतिहरूलाई पनि सुपुत्रको रूप दिएको ले २२ संभवत यिनका यौटै नै छोरा थिए जसको नामोल्लेख माथि भइसकेको छ।

पन्तले र पत्नी मति दुबैले तान्त्रिकदीक्षा ग्रहण गरेका थिए २३। पन्त यौवनावस्थामा छंदै प्रथम प्रियपत्नी कमलादेवीको आकस्मिक देहान्त भए-कोले शोकाकुल भई सर्वप्रथम यिनी नेपाललाई छोडी बनारश गएर बसे। बनारश गए पछि आफ्नो जन्म-भूमि नेपालमा फर्किएको उल्लेख अधावधि पाइएको छैन।

यिनी गुरूदेखिनै मलैवम्मका प्रिय पात्रमात्र नभएर गुरु समेत भएकाले बनारश गएपछि यिनलाई राजाबाट केही संपत्ति र बस्ने घर समेत मिलेको थियो २४। यस्तै अर्को ठाउँमा पनि उक्त कुराको अझ

---

१७ पत्नी तदीया मतिः —पृथ्वी प्रेमोदय पत्र १।

१८ कृतावत महालक्ष्मीश्च निर्मातृका। महालक्ष्मीश्च ग्रन्थकर्तुः कन्योक्ता-मल्लादर्श पत्र-३७।

इति महलबसन्ता युग्मलैवम्म देवो दृढ कनका सुमुक्ता मुक्त गेहं ददाति, ग्रन्थकर्तु द्वितीया कन्या यदि कनका पदेन विवक्षिता तदा दृढं कनका यत्र इत्यर्थोऽपि संभवति। मल्लादर्श पत्र-३७।

19 Reference is made to two daughters of his Mahalaksmi and kanaka-from the journal of the Royal Ariatic society of Bangal letters VOL. VI 1940 Artical No 6 P. 1061

२० यस्याः कोऽपिच हर्षदेव विबुधस्तातप्रसूः श्रीमती ख्याता हर्षमतीति। × ×
विद्वत्प्रेमनिधेस्तृतीय वनिता श्री प्राणमञ्जर्यहम्
त्रिपुरसुन्दरी पद्धति पत्र—१।

२१ सन्ति यद्यपिसुता वहवोमे श्री सुदर्शन मुखादि तथापि पत्र—१

२२ श्राद्धकर्मनिधिरेषः सुपुत्र श्राद्धकर्म कुरुते प्रकटं यः पत्र—१।

२३ दीक्षां प्रेमनिधिद्विजोऽभ्युपगतः पत्नी तरीया मतिः पृथ्वी प्रेमोदय-पत्र१।

२४ अस्यादि प्रचुरं हिमांशुरुचिरं सौभाग्य युक्तं गृहम् पूर्वं संहरतो यमस्य शातशो दुष्कीर्तिरेव स्थिरा।
स्वर्णादिप्रचुरं हिमांशुरूचिरं सौभाग्य पूर्णं गृहम्।
यल्लब्धं हि मया पुनर्नवतमं श्रीमन्मलैवम्मतः
मल्लादर्श पत्र ३७।

बढी पुष्टि स्वयं पन्तले गरेका छन्—२५। तर यस प्रकारको संपत्ति पन्तलाई मल्लादर्शको रचनाकालपछि मिलेको थियो। संभवतः घर चाहिं यिनलाई पहिले नै मिलेको हुन सक्छ। यसको साथै उक्त पंक्तिमा 'पुनर्नवतमं' को प्रयोग यिनले गरेकाले बनारश गए पछिको अर्थप्राप्ति चाहिं यिनका निमित्त दोस्रो पटकको राजप्रसाद थियो। पं. प्रेमनिधिले आफ्नो संक्षिप्त परिचय आफ्ना धेरै जसो कृतिहरूमा दिएका पनि छन्। यस प्रकारको परिचय सर्वत्र एकै किसिमको छ। दुःखको कुरा के छ भने यिनले आफ्नो जीवनाविधिमा दुखद् परिस्थितिको सामना गर्नु परेको थियो। यिनको मृत्यु विषयमा पनि अहिलेसम्म कुनै तथ्य फेला परेको छैन।

यिनले आफ्ना सम्पूर्ण कृतिहरूको रचना दाना, कुमाऊँ र बनारसमा गरेका थिए। यसको प्रमाणको रूपमा यिनकै कृतिका लाइनहरू काफी छन्। पुस्तकाकारमा सर्वप्रथम निस्किएको नेपाली भाषाको आदिम ग्रन्थ प्रायश्चित्त प्रदीपको२६ रचना पन्तले आजभोलिको धवलागिरी अञ्चल भित्र पर्ने म्याग्दी जिल्लाको गण्डकी नदी नजिकैको आफ्नै जन्मस्थल दानामा, श्री विद्यानित्यकर्म कमला२७ श्री विद्या नैमित्तिककर्मकमलाको कुमाऊँमा२८ र अन्य बाँकी धेरै जसो कृतिहरू बनारशमा नै गरेका थिए। एउटा रमाइलो कुरा के छ भने विभिन्न विषयका प्रकाण्ड पंडित हुंदा हुँदै पनि यिनले आफूलाई "जडाधिपपति"को सज्ञा दिएका छन् २९।

प्रेमनिधि पन्त र उनको प्रायश्चित्त प्रदीपको चर्चाको सिलसिलामा गोपीनाथ कविराजको खोजलाई आधार बनाई डिल्लीराम तिमिसिनाले प्रायश्चित्त प्रदीप को ३० रचनाकाल (१६७५ शकाब्द अथवा १७५३ ई.) को उल्लेख गर्नुको साथै अन्य धर्मशास्त्रीय ग्रन्थहरू प्रयोगरत्न घृतदान पद्धति र समयारामको समेत उल्लेख गर्नु भएको छ, साथै 'कार्तवीर्य सपर्या' ग्रन्थको पनि। तर उक्त प्रायश्चित्त प्रदीपको रचनाकाल शकाब्द १६४५ हो ३१। यस्तै अर्को ठाउँमा तिमसिना 'मल्लादर्श' राजाधिराज महलवर्मको आदेश मुताबिक लेखेको कुराको चर्चा गर्नु हुन्छ। वस्तुतः उक्त ग्रन्थ महाराजाधिराज मलैवम्मको आज्ञा मुताबिक लेखिएको हो ३२। फेरि तिमसिना एक अर्को ठाउँमा प्रायश्चित्त

---

२५ ग्रन्त्रस्योपासको यः क्षितिपतितिलकः श्री मलैवम्म भूपः काश्यां गेहं सुसौधं प्रतिशर दशनाद्यर्थकं चापि रायम् मल्लादर्शस्य कर्त्रे स्वगुरुकरूणया प्रेमनिध्याह्वयाय श्रद्धाभिर्यो ददाति प्रणिभवतुतमा मेष पूर्णाखिलार्थः

मल्लादर्श पत्र ७५।

२६ गण्डक्याः सविधे हि दानपदतः ख्यातेतु देशेवरे श्री कृणस्य कृपावशादमलतां ग्रन्थोऽयमागच्छतु पत्र ३०१।

२७ नामप्रेमनिधीति पन्त कुलभूः कूर्माचल्लो जन्मभूः सूपास्यं कृतवीर्यणाच्युतपदं तस्माद्दसाबुद्वता पत्र ४९।

२८ नाम प्रेमनिधीति पन्तकुलभू कूर्माचलो जन्मभूः सूपास्यं कृत वीर्यजाच्युत पदं तस्मादत्याबुङ्गता सपूर्णकमला सुनिर्मलपदा नैमित्तिके कर्मणि, पत्र ८।

२९ क्वायं प्रेमनिधिर्जडधिपपतिः ग्रन्थो नवीनो क्ववा। शब्दार्थ चिन्तामणि पत्र ३०१।

३० धर्मशास्त्रमा प्रायश्चित्त प्रदीप(रचनाकाल १६७५ शकाब्द अथवा १७५३ ई.) घृतदान पद्धति वा घृतदानरत्न, प्रयोग रत्नाकर. र समयाराम वाराणसेय संस्कृत विश्वविद्यालय हस्तलिखित ग्रन्थसूचि १३९९५ प्रसिद्ध छन्" 'नेपाली' अंक ५४ पत्र ४।

३१ शाके वेद शर्रतु भूपरिमिते मासिच पौषे सिते पक्षे राम तिथौः गुरौ च दिवसे प्रातःप्रसूतिगतः पत्र ४३५।

३२ श्री महाराजाधिराज मलैवम्मदेवै राज्ञप्तः श्री काशीपुर निवासी कूर्माचलाधिष्ठित परम्पराकः यथो (पंतो) पनामक कवि चछित यन्त्रावलि विशदी-करोति। मल्लादर्श पत्र २।

प्रदीपको नेपाली अनुवादको श्रेय पनि प्रेमनिधिलाई नदिएर प्राणमञ्जरी देवीलाई दिनुहुन्छ ३३ । बरू के कुरा संभव छ भने सुदर्शन टीका र त्रिपुर सुन्दरी पद्धति यी दुबै ग्रन्थको रचना पनि पन्तले नै गरेका हुन् । जसरी प्रायश्चित्त प्रदीपको रचनाको श्रेय मलैवम्म र महलवसन्तालाई दिएका छन् । डिल्लीराम तर्क गर्दा गर्दै प्रायश्चित्त प्रदीपको नेपाली अनुवादनै कसरी भयो ३४ भन्नेतिर पनि संकेत गर्नुहुन्छ । यसको सही उत्तर हो पन्तको मातृभाषा नेपाली भएकोले नै यस किसिमको अनुवाद सभव भएको हो । प्रायश्चित्त प्रदीपको भाषाको चर्चाको सिलसिलामा श्री बालकृष्ण पोखरेल यस्तो लेख्नु हुन्छ—"ई. १७३२ को प्रेमनिधि कृत ३५ प्रायश्चित्त प्रदीपको नेपाली चाहिं डोय्याली हो । पं. प्रेमनिधि पन्तका कृतिहरूको परिचय दिने सिलसिलामा प्रायश्चित्त प्रदीपको विषयमा चर्चा गर्दै चिन्तहरण चक्रवर्ती लेख्नु हुन्छ ३६– 'यस शीर्षकमा १६५४ मा रचना भएको ग्रन्थको श्रेय प्रेमनिधिका संरक्षक मलैवम्म र उनको पत्नीलाई छ । राजगुरू हेमराजका पुस्तकालयमा यस ग्रन्थको पाण्डुलिपि छ भन्ने विश्वास गरिन्छ । यो सत्य कुरा हो र हाल उक्त कृति नेपाल राष्ट्रिय अभिलेखालयमा मौजुद छ । वस्तुतः यो ग्रन्थ प्रेमनिधि कै रचना हो । यसको प्रमाणको रुपमा पन्तको प्रतिभा, क्षमता, दार्शनिकता, बौद्धिकता, भाषागत तथा शैलीगत विशेषताहरूलाई लिन सकिन्छ । यिनी मलैवम्मका कृपापात्र भएकोले नै उक्त ग्रन्थको रचनाको श्रेय राजा र रानी दुबैलाई दिएका मात्र हुन् । यसको साथै चक्रवर्ती ३७ ले जगत्प्रेमोदय र शक्ति संगम तन्त्र टीकाको रचना समेत पन्तले गरेको कुराको उल्लेख गरेका छन् ३८। यी दुबै ग्रन्थलाई र निमल्सिनाले उल्लेख गरेका कार्तवीर्य सपर्मा, समयाराम समेतलाई देख्ने सौभाग्य अहिलेसम्म पाएको छैन तापनि विद्वानहरूले लेखेका कुरालाई सत्य मान्ने पक्षमा यस पंक्तिको लेखक पनि छ ।

चक्रवर्ती प्रयोग रत्नाकरको चर्चाको सिलसिलामा

---

३३ तन्त्रराजको टीका गरे झैं धर्मशास्त्र विषयक संस्कृत रचना प्रायश्चित्त प्रदीप (नेपाल राष्ट्रिय पुस्तकालय) को नेपाली अनुवाद प्राणमञ्जरीले नै गरेको हुन धेरै संभव छ र यसमा प्रेमनिधिको हात हुनु पनि नौलो कुरो नभएर स्वाभाविक मानिन्छ–'नेपाली' अक ५४ पत्र ५ ।

३४ किन्तु प्रायश्चित्त प्रदीपको नेपाली अनुवाद कसरी भयो भन्ने कुरा चाहिं अनिर्णित भए झैं लाग्छ – 'नेपाली' अङ्क ५४ पत्र ५ ।

३५ नेपाली भाषा र साहित्य - बालकृष्ण पोखरेल वि. सं. २०२१ ।

36 Prayaschitta Pradipa (Composed in 1675 S. E.) work of the same composed in 1654 S. E. is also attributed to the patron of Premanidhi– Malaivamma and his wife A. M. S. of this work is reported to exist in the libary of Rajguru Hemraj of Nepal. F.J. Royal. A. S. Bengal Letters VOL. VI 1940 Art, No 6 Page No 108.

37 Jagalpremodaya (ASB III P 181) The work was composed in 1653 S. E. This at least a part of it deals with Prayascitta F. J. R. A. S. Bengal L. VOL VI 1940 A. No 6 P. 108.

38 Commentary on the Sakti sangam atantra [Cat. cat I 364--623] F. J. R. A. S. B. L. VOL - VI .1940 A. No. 6 P. 109,

